श्री बुद्धनगर सामुदायिक वन उपभोक्ता समूह

काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको विस्कृत सूचना .

**प्रथम पटक प्रकाशित मिति २०८२/३/४**

श्री डिभिजन वन कार्यालय रुपन्देहीको च. नं. २६९७ मिति २०८२/२/ १२ गतेको समूह बाहिर लिलममा विक्रिका लागि प्राप्त सहमति बमोजिम यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थलमा रहेको आ.व. २०८१/०८२ मा पुनरुत्पादन कटान तथा ढलापडा रुखहरुबाट संकलन गरिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नो खर्चमा उठाई लैजानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुम बमोजिम उद्योगको रुपमा दर्ता भएका गोलिया काठ चिरान गर्ने इच्छुक सःमिल, काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने इच्छुक भेनियर तथा प्लाई उड उद्योगले यो सूचना लुम्विनी दैनिक (राष्ट्रिय दैनिक ) पत्रिकामा प्रथम पटक मिति २०८२/३/४ गतेमा प्रकाशित भएको मिति देखि २०८२/३/२४ गते सम्म डिभिजन वन कार्यालय रुपन्देही भैरहवा र समूहको कार्यालयमा कार्यालय समय भित्र बोलपत्र खरिद गरी मिति २०८२/३/२५ गतेको दिनको ३:०० वजे भित्र समूहको कार्यालयमा सिलबन्दी बोलपत्र दाखिला गर्न यो विस्तृत सूचना आहवान गरिन्छ ।

<u>तपसिल</u>

१) लट अनुसार कायम गरिएको वन पैदावारको विवरण

| लट नं १ ( धाङ नं ३ र ९ पुनरुत्पादन तर्फ ) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वन पैदावारको विवरण | | | | | | | वन पैदावारको मूल्याकंन ( रु ) | | कटान खर्च |
| सि. नं. | लट नं | प्रजाति | किसिम | ग्रेड | थान | परिमाण (क्यू फिट) | न्यूनतन मूल्य प्रति क्यू फिट (रु) | न्यूनतम जम्मा मूल्य (रु) | एकमुष्ट रकम (रु) |
| १ | लट नं १ | साल | गोलिया | A | ६ | ७६.६२ | १२५० | ९५७७२.५७ | ६३६३९.४१ |
| २ | | साल | गोलिया | B | १८ | १३१.२३ | ९०० | ११८११०.८५ | |
| ३ | | साल | गोलिया | C | ३१ | १४५.१६ | ६०० | ८७०९६.९७ | |
| ४ | | साल | गोलिया | D | २ | ६.३८ | ३०० | १९१३.४६ | |
| ५ | | जिंगड | गोलिया | N | ९ | ४६.३३ | १०० | ४६३३.३८ | |
| ६ | | पियारी | गोलिया | N | ८ | ३६.२१ | १०० | ३६२१.४४ | |
| जम्मा | | | | | ७४ | ४४१.९४ | | ३१११४८.६७ | |

| लट नं २ ( धाङ नं ७ र ८, पुनरुत्पादनतर्फ तर्फ ) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वन पैदावारको विवरण | | | | | | | वन पैदावारको मूल्याकंन ( रु ) | | कटान खर्च |
| सि. नं. | लट नं | प्रजाति | किसिम | ग्रेड | थान | परिमाण (क्यू फिट) | न्यूनतन मूल्य प्रति क्यू फिट (रु) | न्यूनतम जम्मा मूल्य (रु) | एकमुष्ट रकम (रु) |
| १ | लट नं २ | असना | गोलिया | A | ६ | ११६.५४ | ४०० | ४६६१६.४९ | ६२५५८.४३ |
| २ | | असना | गोलिया | B | १० | १२१.२४ | ३०० | ३६३७२.४० | |
| ३ | | असना | गोलिया | C | ३८ | १९६.६५ | १०० | १९६६५.१० | |
| जम्मा | | | | | ५४ | ४३४.४३ | | १०२६५३.९९ | |

२) खरिद र दाखिला गर्ने अन्तिम मिति र समयः

क) खरिद गर्ने अन्तिम मितिः २०८२/३/२४ गते ख) समयः अपरान्ह ५: ०० बजे
ग) दाखिला गर्ने अन्तिम मितिः २०८२/३/ २५ गते घ ) समयः अपरान्ह ३: ०० बजे

३) बोलपत्र समूहको कार्यालय, डिभिजन वन कार्यालय रुपन्दहीको कार्यालय समय भित्र खरिद गर्न सकिनेछ भने बोलपत्र समूहको कार्यालयमा तोकेको मिति र समय भित्र दाखिला गर्न सकिने छ ।

४) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुने आउने रकम यस समूहको नाम कामना सेवा **बैक लिमिटेड खैरेनी शाखा**मा रहेको **खाता नं ०२५००३००१२०४७७०००००१** मा नगद जम्मा गरेको सक्कल भौचर समावेश भएको हुनुपर्नेछ ।

५) बैक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तीमा ६ महिना सम्मको हुनु पर्नेछ ।

६) बोलपत्र फारमा **रु १०००** ( पछि फिर्ता नहुने ) तिरि यस कार्यालय वा डिभिजन वन कार्यालय रुपन्देहीबाट खरिद गर्न सकिने छ ।

७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस वन समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

८) लिलाममा भाग लिन प्रचलित कानुन बमोजिम उद्योगको रुपमा दर्ता भएका गोलिया काठ चिरान गर्ने इच्छुक समिल र काठ दाउरालाई कच्चा पदर्थिको रुपमा प्रयोग गर्ने इच्छुक भेनियर तथा प्लाई उड उद्योगले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर दर्ताको प्रतिलिपि वा स्थाई लेखा नं (पान नं )दर्ताको प्रतिलिपि र कर चुक्ता पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

९) निर्धारित गरिएको न्यूनतम संख्यामा र रितपूर्वक पर्न आएका बोलपत्रहरु मित २०८२/३/२६ गतेको दिउसों ११:०० वजे साक्षीहरुको रोहवरमा सामुदायिक वनको कार्यालयमा खोलिने छ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

११) संकलन खर्च बापतको रकम छुटै भौचर मार्फत समूहको खातमा जम्मा गरि सक्कले भौचर समूहमा बुझाउनु पर्नेछ ।

११) बोलपत्र खरिद तथा दाखित गर्ने अन्तिम दिन र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलि पल्ट कार्यालय खुलेको दिनलाई मानिने छ ।

१३) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर समेत बुझाई लिमामा चढाएको वन पैदावार तोकेको अवधि भित्र सम्वन्धित निकायको निकासी सहमति र समूहको छोडपूर्जी बमोजिम मात्र सकार कर्तालि उठाई लैजानु पर्नेछ ।

१४) अन्य कुराहरु प्रचिलित कानुन अनुसार हुने छ ।